# स्थानीय राजपत्र

**भानु नगरपालिकाद्वारा प्रकाशित**

**खण्डः ०६** | **संख्याः ०५** | **मितिः २०८०/०५/२९**


**भाग-२**

**भानु नगरपालिका**

नेपालको संविधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधरणको लागि प्रकाशन गरिएको छ

## भानु नगरपालिकाको हेभी इक्विपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

नगर कार्यपालिकाबाट स्वीकृत मिति २०८०/०४/०७

**प्रस्तावनाः**

भानु नगरपालिकाको स्वामित्वमा रहेका हेभी इक्विपमेन्टहरूको सञ्चालन प्रकृयालाई नियमित र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी भानु नगरकार्यपालिकाले यो कार्यविधि तयार गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम "भानु नगरपालिकाको हेभी इक्विपमेन्ट संचालन सम्बन्धी कार्यविधि २०८०" रहेको छ ।

ख) यो कार्यविधि भानु नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

क) "हेभी **इक्विपमेन्ट**" भन्नाले व्याक-हो लोडर, ट्रिपर लगायत अन्य ठुला सवारी साधनलाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले भानु नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "सञ्चालक समिति" भन्नाले यस कार्यविधि अन्तर्गत हेभी **इक्विपमेन्ट** सञ्चालनका लागि गठित समितिलाई सम्झनु पर्दछ ।

घ) "चालक" भन्नाले ट्रिपर चलाउने चालकलाई सम्झनु पर्दछ ।

ङ) "अपरेटर भन्नाले" व्याक-हो लोडर चलाउने चालकलाई सम्झनु पर्दछ ।

च) "सेवाग्राही" भन्नाले यस कार्यबिधि अनुसार सेवा लिन चाहने व्यक्ति, संघ-संस्था, निर्माण व्यवसायी, समिति, उपभोक्ता समिति आदिलाई सम्झनु पर्दछ ।

छ) "सम्झौता" भन्नाले सेवाग्राही र कार्यालय बीच हेभी इक्विपमेन्ट सञ्चालन सम्बन्धमा अनुसूची २ बमोजिम भएको सम्झौता सम्झनु पर्छ ।

**३. सञ्चालक समितिको गठन**

क) भानु नगरपालिकामा रहेका हेभी इक्विपमेन्ट सञ्चालनको लागि देहाय बमोजिमको सञ्चालक समिति रहने छ :-

क) संयोजक: प्रमुख प्रशासकीय अधिकृत, भानु नगरपालिका

ख) सदस्य: प्रशासन शाखा प्रमुख, भानु नगरपालिका

ग) सदस्य: योजना शाखा प्रमुख, भानु नगरपालिका

घ) सदस्य: जिन्सी शाखा प्रमुख, भानु नगरपालिका

ङ) सदस्य: विपद् व्यवस्थापन ईकाइ प्रमुख, भानु नगरपालिका

च) सदस्य-सचिव: पूर्वाधार विकास शाखा प्रमुख, भानु नगरपालिका

(ख) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्न सकिनेछ । बैठकमा आवश्यकतानुसार विषय विज्ञ तथा जनप्रतिनिधिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकार**

क) समिति को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

अ. हेभी इक्विपमेन्ट प्रयोगको दररेट परिमार्जनका लागि कार्यपालिकामा सिफारिस गर्ने ।

आ. हेभी इक्विपमेन्टहरूको सञ्चालन, रेखदेख, व्यवस्थापन र नियमन गर्ने ।

इ. सञ्चालनको अवस्थामा नियमित अनुगमन तथा निरीक्षण गर्ने गराउने ।

ई. आवश्यकतानुसार इक्विपमेन्टहरुको मर्मत सम्भार गर्ने गराउने ।

उ. नगरपालिकामा नियमित रूपमा प्रगति प्रतिवेदन पेश गर्ने ।

ऊ. आवश्यकतानुसार अन्य काम गर्ने ।

## ५. समितिको बैठक

क) समितिको बैठक तीन महिनामा कम्तिमा एकपटक बस्नेछ ।

ख) आवश्यकता अनुसार थप बैठक समेत बस्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

## ६. हेभी इक्विपमेन्टको उपलब्धता र दस्तुर सम्बन्धी व्यवस्था

१) सेवाग्राहीबाट अनुसुची ३ बमोजिमको ढाँचामा हेभी इक्विपमेन्ट मागको निवेदन प्राप्त भएपछि पुर्वाधार विकास शाखाको राय तथा विपद व्यवस्थापन समितिको सिफारिस अनुसार हेभी इक्विपमेन्ट उपलब्ध गराइने छ ।

२) अत्यावश्यक भई तत्काल हेभी इक्विपमेन्ट प्रयोगमा ल्याउनु पर्ने अवस्था आएमा समितिबाट पछि अनुमोदन हुने गरी हेवी इक्विपमेन्ट उपलब्ध गराइने छ ।

३) सेवाग्राहीबाट माग भई सञ्चालनमा जाने हेभी इक्युपमेन्ट प्रयोग गरे बापत नगरपालिकामा बुझाउनुपर्ने रकमको दर अनुसुची १ बमोजिम हुनेछ ।

४) सेवाग्राहीले हेभीइक्विपमेन्ट माग गरी कार्यस्थलमा लैजानु भन्दाअगाडि अनुसूची २ बमोजिम सम्झौता गरी दस्तुर बुझाउनु पर्नेछ ।तर नगरपालिकाबाट बजेटविनियोजन भई उपभोक्ता समिति मार्फत संचालित योजनाको हकमा दफा ६ (१५) बमोजिम हुनेछ ।

५) अग्रीम दस्तुर बुझाएको भन्दा बढी समय हेभी इक्विपमेन्ट प्रयोग गर्नुपर्ने अवस्था आएमा नगरपालिकाबाट अग्रिम स्वीकृति लिई थप दस्तुर बुझाउनु पर्नेछ ।

६) हेभी इक्विपमेन्ट रहेको स्थान देखि कार्यस्थलसम्म पुग्दा लाग्ने समय बरावरको रकम वा इन्धन भाडामा लिने पक्षले भुक्तानि गर्नुपर्नेछ ।

७) हेभी इक्विपमेन्ट सञ्चालन गर्दा सो को लगवुक प्रमाणित गराई राख्ने जिम्मेवारी चालकको हुनेछ ।

८) कार्यालयले संचालन गर्ने योजनाको हकमा योजना सम्झौता नभई हेभी इक्विपमेन्ट प्रयोग गर्न पाईने छैन ।

९) अपरेटर/चालकले कार्यालयको आदेश लिएर मात्र हेभी इक्विपमेन्ट प्रयोग गर्नुपर्नेछ ।

१०) हेभी इक्विपमेन्ट प्रयोग गर्दा विपदजन्य घटना (सार्वजनिक र निजी), अवरुद्ध भएको सडक मर्मत, सार्वजनिक कार्य, पहिला सम्झौता भएका योजना, त्यसपछि अन्य क्रमशः प्राथमिकतामा राखिनेछ ।

११) आर्थिक प्रशासन शाखाले लोडर मर्मत संभार, लोडरमा प्रयोग भएको इन्धन, अपरेटर वा चालक र हेल्परको पारिश्रमिकको अभिलेख राख्नुपर्नेछ ।

१२) राजस्व प्रशासन उपशाखाले हेभी इक्विपमेन्ट प्रयोग गर्दा उठेको राजस्व रकमको अलग्गै अभिलेख राख्नुपर्नेछ ।

१३) नगरपालिकाबाट स्वीकृत कार्यक्रम संचालन गर्दा प्रयोग गरिने हेभी इक्विपमेन्टको विवरण सम्झौता पत्रको बुँदा नं. २ मा उल्लेख गर्नुपर्ने छ ।

१४) विपदजन्य घटना र नगरपलिकाबाट गरिने विशेष कार्यका सन्दर्भमा हेभी इक्विपमेन्ट संचालन गरे बापत महशुल लिने वा नलिने भनी निर्धारण गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

१५) नगरपालिकाबाट बजेट विनियोजित भएका उपभोक्ता समितिबाट संचालित योजनामा हेभी इक्विपमेन्टको प्रयोग गरेको कामको भाडा रकम योजना सम्पन्त भएपश्चात उपभोक्ता समितिलाई योजनाको रकम भुक्तानी गर्दा हेभी इक्विपमेन्टले गरेको मूल्याङ्कन तथा लगबुकको आधारमा रकम कट्टा गरिनेछ ।

**७. विविध**

क) यसमा उल्लेख नभएका अन्य व्यवस्था समितिको निर्णय बमोजिम हुनेछ ।

ख) नगर कार्यपालिकाको निर्णयबाट यस कार्यविधिमा आवश्यकतानुसार संशोधन, परिमार्जन वा थप घट गर्न सकिनेछ ।

अनुसूची-१

( कार्यविधिको दफा ६ को उपदफा (३) संग सम्बन्धित)

**हेभि इक्विपमेन्ट प्रयोग गरे बापतको दस्तुर**

| **क्र.स.** | **हेभी इक्विपमेन्टको नाम** | **प्रतिघण्टा रकम रु.** | | **प्रतिदिन रकम रु.** | |
|---|---|---|---|---|---|
| १ | व्याक हो-लोडर | इन्धन समेत | २२०० | - | - |
| | | इन्धन वाहेक | १००० | - | - |
| २ | ट्रीपर | इन्धन समेत | - | - | - |
| | | इन्धन वाहेक | - | इन्धन वाहेक | ५००० |

अनुसूची २

( कार्यविधिको दफा ६ को उपदफा (१३) संग सम्बन्धित)

# हेभी इक्विपमेन्ट सञ्चालन सम्झौता पत्रको ढाँचा

नगर कार्यपालिकाको कार्यालय भानु र ......................... .. संघ, संस्था, निर्माण व्यवसायी समिति, उपभोक्ता समिति, व्यक्ति .......................  बीच हेभी इक्युपमेन्ट संचालन सम्झौता पत्र

१. यो सम्झौता पत्रमा नगर कार्यपालिकाको कार्यालय भानुलाई पहिलो पक्ष र ......................... सेवाग्राही (संघ-संस्था, निर्माण व्यवसायी समिति, उपभोक्ता समिति, व्यक्ति) .......................... लाई दोस्रो पक्ष भनिनेछ ।

२. .......................................................कार्यमा मिति ....... /........../.......... गते देखि मिति ....... /........../.......... गते सम्म ........... कार्य घण्टाका लागि पहिलो पक्षले दोश्रो पक्षलाई हेभी इक्विपमेन्ट भाडामा उपलब्ध गराउने छ ।

३. हेभी इक्विपमेन्ट र हेभी इक्विपमेन्ट सञ्चालन कार्यमा खटिएका कर्मचारीको सुरक्षाको प्रबन्ध मिलाउने जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

४. हेभी इक्विपमेन्ट सञ्चालन कार्यमा कुनै विवाद आएमा दोश्रो पक्षले पहिलो पक्षलाई हेभी इक्विपमेन्ट फिर्ता बुझाउन अवरोध हुनेछैन ।

५. पहिलो पक्षको कार्यादेश बिना दोश्रो पक्षले हेभी इक्युपमेन्ट सञ्चालन गर्न पाउनेछैन ।

६. थप कार्य घण्टाका लागि हेभी इक्विपमेन्ट भाडामा लिनुपर्ने भएमा पहिलो पक्षबाट स्वीकृति लिएर मात्र दोश्रो पक्षले हेभी इक्विपमेन्ट प्रयोग गर्नु पर्नेछ ।

७. पहिलो पक्षलाई दोस्रो पक्षले हेभी इक्विपमेन्टको भाडा अनुसूची १ बमोजिमको दरमा अग्रीम उपलब्ध गराउनु पर्नेछ ।

पहिलो पक्षको तर्फबाट
दस्तखतः
नामः
पदः
कार्यालयको छापः

दोस्रो पक्षको तर्फबाट
दस्तखतः
नामः
पदः
संघ, संस्था, निर्माण
व्यवसायी समिति,
उपभोक्ता समिति, व्यक्ति नामः
ठेगानाः
संस्थाको छाप

इति सम्बत २० ....... साल ....... महिना ......... गते रोज....... शुभम्

अनुसूची ३

(कार्यविधिको दफा ६ को उपदफा (१) संग सम्बन्धित)

## हेभी इक्विपमेन्ट माग सम्बन्धी निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुस्रेटार, तनहुँ ।

**विषयः हेभी इक्युपमेन्ट उपलब्ध गराइ दिने सम्बन्धमा ।**

महोदय,

........................................................................ कार्यमा ............ कार्य घण्टा/दिनका लागि व्याक-हो लोडर/ट्रीपर भाडामा उपलब्ध गराइ दिनुहुन अनुरोध गर्दछु । व्याक-हो लोडर/ट्रीपर भाडामा दिने स्वीकृति प्राप्त भए पश्चात भाडा बापतको रकम अग्रीम दाखिला गर्नेछु । भानु नगरपालिकाको हेभी इक्विपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०८० का प्रावधानहरू पूर्ण रुपमा पालन गर्न मञ्जुर छु/छौं ।

**विवरण**

काम/योजनाको विवरणः ........................................................
योजना / कार्यस्थलः .................................................................
योजना भए विनियोजित बजेट रुः ................................................
सम्झौता भएको मितिः .................................................................

निवेदक
नामः
पदः
संघ, संस्था, निर्माण व्यवसायी समिति, उपभोक्ता समिति, व्यक्ति/ प्रतिनिधि:
दस्तखतः
मितिः

आज्ञाले,
दिवाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत